धितोपत्र दलाल व्यवसाय सुदृढीकरण नीति, २०८३

नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर।

असोज, २०८३

विषय सूची

विवरण	पेज
कार्यकारी सारांश	१
१. पृष्ठभूमि	१
२. नीतिको आवश्यकता	२
३. नीतिको मूल दृष्टिकोण	३
४. नीतिको उद्देश्य	३
५. नीतिगत सुधारका क्षेत्र तथा नीति	४

नेपाल धितोपत्र बोर्ड
धितोपत्र दलाल व्यवसाय सुदृढीकरण नीति, २०८३

कार्यकारी सारांश

नेपालको पुँजी बजारलाई आधुनिक, प्रतिस्पर्धी, विश्वसनीय, प्रविधिमैत्री, लगानीकर्तामैत्री तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउँदै लैजान धितोपत्र दलाल व्यवसायीको संस्थागत सुदृढीकरण आवश्यक देखिन्छ। पुँजी बजारको प्रमुख मध्यस्थकर्ताका रूपमा रहेका धितोपत्र दलाल व्यवसायीको वित्तीय क्षमता, संस्थागत सुशासन, प्रविधिगत क्षमता, जोखिम व्यवस्थापन क्षमता, ग्राहक संरक्षणको अवस्था तथा व्यावसायिक दक्षताले समग्र पुँजी बजारको गुणस्तर, प्रभावकारिता तथा विश्वसनीयतामा प्रत्यक्ष प्रभाव पार्दछ।

हालको सानो आकार, सीमित सेवा तथा व्यक्ति-केन्द्रित व्यवस्थापनमा आधारित धितोपत्र दलाल व्यवसायलाई क्रमशः पर्याप्त पुँजी, व्यावसायिक व्यवस्थापन, आधुनिक प्रविधि, सबल जोखिम व्यवस्थापन तथा विविधीकृत धितोपत्रसम्बन्धी सेवा प्रदान गर्न सक्षम बजार मध्यस्थकर्ताका रूपमा रूपान्तरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्नु यस नीतिको मूल उद्देश्य रहेको छ।

१. पृष्ठभूमि

धितोपत्र दलाल व्यवसायीहरूले लगानीकर्तालाई पुँजी बजारमा पहुँच प्रदान गरी लगानीकर्ताको धितोपत्रको खरिद-बिक्री आदेश कार्यान्वयन मार्फत् धितोपत्र कारोबारसम्बन्धी सेवा प्रवाह गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। समयक्रमसँगै नेपालको पुँजी बजार लगानीकर्ताको सहभागिता, कारोबारको रकम, प्रविधिको प्रयोग, संस्थागत संरचनाको दृष्टिकोणले समेत उल्लेख्य विस्तार भएको छ। यससँगै नेपालको पुँजी बजारमा बजारको तरलता तथा गहिराइ अभिवृद्धि, आधुनिक वित्तीय सेवाको विस्तार, संस्थागत लगानीको प्रवर्द्धन तथा प्रभावकारी जोखिम व्यवस्थापनको आवश्यकता समेत बढ्दै गएको छ। तदनुरुप धितोपत्र दलाल व्यवसायीको वित्तीय, संस्थागत, प्राविधिक तथा व्यावसायिक क्षमता थप सुदृढ गर्न आवश्यक देखिएको छ।

हाल धितोपत्र दलाल व्यवसायीको संरचना मुख्यतः धितोपत्र खरिद-बिक्री आदेश कार्यान्वयनमा केन्द्रित रहेको हुँदा पुँजी पर्याप्तता, संस्थागत सुशासन, जोखिम व्यवस्थापन, ग्राहक सम्पत्ति संरक्षण, प्रविधिगत क्षमता तथा व्यावसायिक सेवाको विविधीकरणमा थप सुधारको आवश्यकता देखिन्छ। त्यस्तै, सबै धितोपत्र दलाल व्यवसायीमा समान प्रकृतिको नियामकीय व्यवस्था लागू भएको हुँदा व्यवसायीको आकार, सेवा तथा जोखिमको स्तरअनुसार अनुपातिक नियमन गर्न समेत चुनौती देखिएको छ। धितोपत्र दलाल व्यवसायीलाई पर्याप्त पुँजी, व्यावसायिक व्यवस्थापन, सुदृढ संस्थागत सुशासन, आधुनिक प्रविधि, प्रभावकारी जोखिम व्यवस्थापन तथा

उच्चस्तरीय ग्राहक संरक्षणमा आधारित सक्षम धितोपत्र मध्यस्थकर्ताका रूपमा विकास गर्न अपरिहार्य रहेको छ। साथै, मार्जिन कारोबार, धितोपत्र सापटी तथा उधारो, शर्ट सेलिङ्ग, अन्तरदिवसीय कारोबार, बजार निर्माता, अनुसन्धान तथा लगानी परामर्श जस्ता आधुनिक धितोपत्रसम्बन्धी सेवाको विस्तारका लागि सक्षम तथा जोखिम वहन गर्न सक्ने गरी धितोपत्र दलाल व्यवसायीलाई तयार गर्नुपर्ने देखिन्छ।

यसै सन्दर्भमा नेपाल धितोपत्र बोर्डले धितोपत्र दलाल व्यवसायीको इजाजतपत्र, वर्गीकरण, स्वामित्व, पुँजी पर्याप्तता, सुशासन, जोखिम व्यवस्थापन, ग्राहक सम्पत्ति संरक्षण, कारोबार सञ्चालन, आधुनिक वित्तीय सेवा, प्रविधि, साइबर सुरक्षा, बजार आचरण, आन्तरिक नियन्त्रण, ग्राहक संरक्षण, संकट व्यवस्थापन, संस्थागत एकीकरण, इजाजतपत्र र जोखिममा आधारित सुपरिवेक्षण सम्बन्धी एकीकृत नीतिगत व्यवस्था गर्न "धितोपत्र दलाल व्यवसाय सुदृढीकरण नीति, २०८३" तर्जुमा गरेको छ।

२. नीतिको आवश्यकता

धितोपत्र दलाल व्यवसाय सुदृढीकरण नीतिको देहायको कारणले आवश्यकता देखिएको छः

(क) धितोपत्र दलाल व्यवसायीको पुँजी र वित्तीय क्षमता सुदृढ बनाउन;

(ख) व्यवसायमा संस्थागत सुशासन र पेशागत व्यवस्थापन सुनिश्चित गर्न;

(ग) लगानीकर्ताको रकम र धितोपत्रको पूर्ण सुरक्षा दिन;

(घ) मार्जिन ट्रेडिङ, इन्ट्राडे ट्रेडिङ, सेक्युरिटिज लेण्डिङ्ग एण्ड बरोइङ्ग, सर्ट सेलिङ लगायत अन्य आधुनिक तथा अन्तर्राष्ट्रिय बजारमा प्रचलित सेवा सञ्चालन गर्न संस्थागत क्षमता बढाउन;

(ङ) कारोबार, राफसाफ, फर्छ्यौट र ग्राहक सेवा पूर्ण रूपमा एकीकृत बनाउन;

(च) धितोपत्र सम्बन्धी कसूर र हितको द्वन्द्व नियन्त्रण गर्न;

(छ) साइबर सुरक्षा, सञ्चालन, तरलता र काउन्टरपार्टी जोखिम व्यवस्थापनमा सुधार ल्याउन;

(ज) बजारमा स्वस्थ प्रतिस्पर्धा बढाउन र आवश्यकतानुसार संस्थागत मर्जर तथा एक्विजिशनलाई सहजीकरण गर्न;

(झ) जोखिममा आधारित सुपरिवेक्षण र कानुन कार्यान्वयन प्रणाली लागू गर्न;

(ञ) धितोपत्र दलाल व्यवसायी संकटमा परेमा बजार र लगानीकर्ताको हित संरक्षण गर्न रिकभरी र रिजोल्युसन फ्रेमवर्क (Recovery and Resolution Framework) तयार गर्न;

(ट) अन्तर्राष्ट्रिय अभ्यास अनुसार जनशक्तिको व्यावसायिक दक्षता र प्रमाणीकरणको स्तर विकास गर्न;

(ठ) नेपाली पुँजी बजारलाई विश्वसनीय र प्रतिस्पर्धी बनाउँदै अन्तर्राष्ट्रिय बजारसँग जोड्न।

३. नीतिको मूल दृष्टिकोण

यस नीतिको मूल दृष्टिकोण देहाय बमोजिम रहेको छः

“सुदृढ पुँजी, व्यावसायिक सुशासन, आधुनिक प्रविधि, प्रभावकारी जोखिम व्यवस्थापन, निष्पक्ष बजार आचरण तथा उच्चस्तरीय ग्राहक संरक्षणमा आधारित सुदृढ, संस्थागत तथा प्रतिस्पर्धी धितोपत्र दलाल व्यवसायीको विकास।”

उपरोक्त दृष्टिकोण अनुरूप धितोपत्र दलाल व्यवसायीलाई केवल धितोपत्रको खरिद-बिक्री आदेश कार्यान्वयन गर्ने संस्थाका रूपमा मात्र सिमित नराखी पूर्ण विकसित धितोपत्र बजार मध्यस्थकर्ताका रूपमा क्रमशः विकास गरिनेछ।

४. नीतिको उद्देश्य

यस नीतिका प्रमुख उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) धितोपत्र दलाल व्यवसायीको पुँजीगत, वित्तीय तथा संस्थागत क्षमता सुदृढ गरी सक्षम, सबल तथा दिगो धितोपत्र बजार मध्यस्थकर्ताका रुपमा विकास गर्ने;

(ख) धितोपत्र दलाल व्यवसायमा व्यावसायिक व्यवस्थापन, संस्थागत सुशासन तथा प्रभावकारी जोखिम व्यवस्थापन प्रणाली स्थापित गर्ने;

(ग) धितोपत्र दलाल व्यवसायको प्रकृति, आकार, सेवा तथा जोखिमस्तर अनुसार तहगत तथा अनुपातिक नियमन लागू गर्ने;

(घ) ग्राहकको रकम तथा धितोपत्रको सुरक्षा, पारदर्शिता तथा लगानीकर्ता संरक्षणलाई थप सुदृढ गर्ने;

(ङ) आधुनिक प्रविधिको उपयोगमार्फत डिजिटल, सुरक्षित, भरपर्दो तथा प्रभावकारी धितोपत्र दलाल व्यवसाय सेवा विकास गर्ने;

(च) मार्जिन कारोबार, धितोपत्र सापटी तथा उधारो, शर्ट सेलिङ्ग, अन्तरदिवसीय कारोबार तथा बजार निर्माता लगायत अन्य आधुनिक बजार सेवाको सुरक्षित तथा व्यवस्थित विस्तारका लागि आधार तयार गर्ने;

(छ) धितोपत्र दलाल व्यवसायीलाई अनुसन्धान, लगानी परामर्श तथा अन्य विशिष्टीकृत धितोपत्रसम्बन्धी सेवा प्रदान गर्न सक्षम बनाउँदै बहुसेवामुखी धितोपत्र बजार मध्यस्थकर्ताका रूपमा विकास गर्ने;

(ज) धितोपत्र दलाल व्यवसायमा एकीकरण, रणनीतिक लगानी तथा कार्यक्षमताको आधारमा आर्थिक अवस्था अभिवृद्धि गर्ने;

(झ) बोर्डको सुपरिवेक्षण प्रणालीलाई जोखिममा आधारित, तथ्यपरक तथा प्रविधि-सक्षम बनाउँदै सम्भावित जोखिमको समयमै पहिचान तथा निवारण गर्ने;

(ञ) धितोपत्र बजारको तरलता, गहिराइ, पारदर्शिता, बजार अखण्डता तथा पुँजी परिचालन क्षमता अभिवृद्धि गर्ने;

(ट) नेपालको धितोपत्र दलाल व्यवसाय तथा नियामकीय प्रणालीलाई अन्तर्राष्ट्रिय अभ्यास तथा उत्कृष्ट मापदण्डसँग क्रमशः सामञ्जस्यपूर्ण बनाउने।

५. नीतिगत सुधारका क्षेत्र तथा नीति

धितोपत्र दलाल व्यवसायको नीतिगत सुधारका क्षेत्र तथा नीतिहरु देहाय बमोजिम रहेका छन्।

५.१ धितोपत्र दलाल व्यवसायको अनुमतिपत्र, वर्गीकरण तथा प्रवेश मापदण्ड

५.१.१. धितोपत्र दलाल व्यवसायको अनुमतिपत्र प्रणाली देहायका सिद्धान्तमा आधारित हुनेछः

(क) उपयुक्त र योग्यताको सिद्धान्त (Fit and Proper Principle),

(ख) न्यूनतम पुँजी क्षमता (Minimum Financial Capacity),

(ग) जोखिममा आधारित इजाजत प्रणाली (Risk-Based Licensing),

(घ) सेवामा आधारित इजाजत प्रणाली (Activity-Based Authorization),

(ङ) प्राविधिक पूर्वाधार (Technology Readiness),

(च) संस्थागत सुशासन (Corporate Governance),

(छ) लगानीकर्ता संरक्षण (Investor Protection),

(ज) सुदृढ सञ्चालन (Operational Resilience),

(झ) पारदर्शिता तथा जवाफदेहिता (Transparency and Accountability),

(ञ) समानुपातिकता (Proportionality) ।

५.१.२. धितोपत्र दलाल व्यवसायीलाई पुँजी, सेवा विविधिकरण, जोखिम वहन क्षमता तथा संस्थागत क्षमताका आधारमा देहायका चार श्रेणीमा वर्गीकरण गरिनेछ। बोर्डले बजारको विकास र आवश्यकता अनुसार थप श्रेणी सिर्जना वा विद्यमान श्रेणी पुनर्वर्गीकरण वा थप पुँजीको व्यवस्था गरी सेवा थप गर्न सक्नेछ।

श्रेणी	**मुख्य सेवा**
श्रेणी-कः धितोपत्र व्यापारी (Stock Dealer)	डिलरसिप सेवा, धितोपत्र दलाली तथा आदेश कार्यान्वयन, निक्षेप सेवा, मार्जिन लेण्डिङ्ग, बजार निर्माण, योग्य संस्थागत लगानीकर्ता सेवा, प्रोपाइटरी ट्रेडिङ्ग, लगानी परामर्श, अनुसन्धान, लगानी व्यवस्थापन, प्रत्याभूति, अन्तरदिवसीय कारोबार, धितोपत्र सापटी तथा उधारो, शर्ट सेलिङ्ग
श्रेणी-खः पूर्ण सेवा धितोपत्र दलाल (Full-Service Stockbroker)	धितोपत्र दलाली तथा आदेश कार्यान्वयन, निक्षेप सेवा, मार्जिन लेण्डिङ्ग, बजार निर्माण, प्रोपाइटरी ट्रेडिङ्ग, लगानी परामर्श, अनुसन्धान, लगानी व्यवस्थापन, अन्तरदिवसीय कारोबार, धितोपत्र सापटी तथा उधारो, शर्ट सेलिङ्ग

श्रेणी-गः कारोबारमुखी धितोपत्र दलाल (Trading Stockbroker)	धितोपत्र दलाली तथा आदेश कार्यान्वयन, मार्जिन लेण्डिङ्ग, निक्षेप सेवा, प्रोपाइटरी ट्रेडिङ्ग, अन्तरदिवसीय कारोबार, धितोपत्र सापटी तथा उधारो, शर्ट सेलिङ्ग
श्रेणी-घः विशिष्टीकृत धितोपत्र दलाल (Specialized Stockbroker)	Debt Stockbroking, Institutional Stockbroking, Market Making

५.१.३. 'क' र 'ख' श्रेणीका धितोपत्र दलाल व्यवसायीको प्रवेश मापदण्ड अन्तर्गत पर्याप्त चुक्ता पुँजी, निर्धारित नेटवर्थ तथा पुँजी पर्याप्तता, पर्याप्त तरल सम्पत्ति, योग्य शेयरधनी, सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत, स्वतन्त्र जोखिम तथा अनुपालना कार्य, पर्याप्त सूचना प्रविधि पूर्वाधार, Cybersecurity Framework, Business Continuity/Disaster Recovery Plan र आन्तरिक नियन्त्रण प्रणाली अनिवार्य हुनेछ।

५.१.४. 'ग' श्रेणीका धितोपत्र दलाल व्यवसायी मुख्यतः ग्राहकको आदेश कार्यान्वयनमा केन्द्रित हुनेछन् र यस संस्थाको लागि न्यूनतम चुक्ता पुँजी, नेटवर्थ, योग्य व्यवस्थापन, आधारभूत सुशासन, सूचना प्रविधि पूर्वाधार, ग्राहक संरक्षण, अनुपालना प्रणाली र आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था अनिवार्य गरिनेछ। अतिरिक्त स्वीकृति (Authorization) नलिई 'ग' श्रेणीका धितोपत्र दलाल व्यवसायीले उच्च जोखिमयुक्त वित्तीय गतिविधि सञ्चालन गर्न पाउने छैनन्।

५.१.५. 'घ' श्रेणीका विशिष्टीकृत धितोपत्र दलाल व्यवसायीको प्रवेश मापदण्ड सम्बन्धित व्यवसायको प्रकृति (जस्तै Debt Stockbroking, Institutional Stockbroking, Market Making) अनुसार निर्धारण गरिनेछ।

५.१.६. मार्जिन कारोबार, धितोपत्र सापटी तथा उधारो, आवरणयुक्त सर्ट सेलिङ्ग, बजार निर्माता जस्ता प्रत्येक उच्च जोखिमयुक्त गतिविधिका लागि छुट्टाछुट्टै सेवामा आधारित स्वीकृति (Activity-Based Authorization) अनिवार्य हुनेछ, जसका लागि सम्बन्धित पुँजी, प्रविधि, मानव संसाधन, जोखिम व्यवस्थापन र सञ्चालन क्षमता प्रमाणित गर्नुपर्नेछ।

५.१.७. धितोपत्र दलाल व्यवसाय गर्न चाहाने आवेदकले कम्तीमा तीन वर्षको व्यवसाय योजना पेश गर्नुपर्नेछ, जसमा प्रस्तावित सेवा, लक्षित ग्राहक, अनुमानित कारोबार परिमाण, आम्दानी मोडेल, पुँजी योजना, जोखिम व्यवस्थापन, प्रविधि योजना, मानव संसाधन योजना, साइबर सुरक्षा, व्यवसाय निरन्तरता, अनुपालना संरचना र प्रक्षेपित वित्तीय विवरण समावेश हुनुपर्नेछ।

५.१.८. अनुमतिपत्र नवीकरण स्वचालित प्रशासनिक प्रक्रिया नभई धितोपत्र दलाल व्यवसायीको वित्तीय अवस्था, पुँजी पर्याप्तता, अनुपालनाको अभिलेख, ग्राहक गुनासो, सञ्चालन कार्यसम्पादन, प्रविधि, साइबर सुरक्षा र नियामकीय मूल्याङ्कनसँग जोडिनेछ।

५.१.९. 'ख' र 'ग' श्रेणीका धितोपत्र दलाल व्यवसायीले थप पुँजी, प्रविधि, सुशासन, जनशक्ति, जोखिम व्यवस्थापन क्षमता र वित्तीय मापदण्ड पूरा गरेमा माथिल्लो श्रेणीमा स्तर वृद्धि हुन सक्नेछ। निरन्तर रूपमा आवश्यक मापदण्ड पूरा गर्न नसकेमा स्तर घटुवा (Downgrade) वा निलम्बन (Suspension) मध्ये उपयुक्त कदम चालिनेछ।

५.१.१०. विद्यमान धितोपत्र दलाल व्यवसायीलाई नयाँ फ्रेमवर्कमा ल्याउँदा उचित संक्रमणकालीन अवधि उपलब्ध गराइनेछ।

५.२ धितोपत्र दलाल व्यवसायको स्वामित्व, पुँजी पर्याप्तता तथा वित्तीय सुदृढता

५.२.१. धितोपत्र दलाल व्यवसायीको स्वामित्व संरचना पारदर्शी, स्थिर, वास्तविक लाभग्राही स्वामित्व खुलासा भएको, वित्तीय रूपमा सक्षम र स्वार्थको द्वन्द्व न्यून भएको हुनुपर्नेछ। यसका लागि वास्तविक धनीको खुलासा, उपयुक्तता तथा योग्यता परिक्षण, लगानी तथा पुँजीको स्रोतको वैधता तथा नियन्त्रणमा परिवर्तनमा बोर्डको पूर्वस्वीकृति अनिवार्य हुनेछ।

५.२.२. धितोपत्र दलाल व्यवसायलाई क्रमशः व्यक्ति केन्द्रीत व्यवसायबाट व्यवसायिक रुपमा सञ्चालित बजार मध्यस्थकर्तामा रूपान्तरण गरिनेछ। यसका लागि कानुनले अनुमति दिएसम्म संस्थागत लगानीकर्ता, रणनीतिक लगानीकर्ता वा वित्तीय क्षेत्रका योग्य संस्थाको सहभागिता प्रोत्साहन गरिनेछ, तर हितको द्वन्द्व, Connected Exposure र Related-party Transaction जस्ता जोखिम कडाइका साथ नियन्त्रण गरिनेछ।

५.२.३. कुनै एक व्यक्ति, परिवार, समूह वा सम्बन्धित व्यक्तिले अत्यधिक नियन्त्रण कायम गर्न नपाउने गरी प्रमुख शेयरधनीको सीमा, Connected Ownership, Cross-ownership तथा Indirect Ownership सम्बन्धी व्यवस्था निर्धारण गरिनेछ।

५.२.४. धितोपत्र दलाल व्यवसायीको न्यूनतम चुक्ता पुँजीको आवश्यकता उक्त संस्थाको श्रेणी र अनुमतिप्राप्त व्यवसायको प्रकृति अनुसार फरक-फरक हुनेछ (श्रेणी-कः उच्चतम, श्रेणी-खः मध्यम, श्रेणी-गः न्यून, श्रेणी-घः कार्य अनुसार)।

५.२.५. न्यूनतम चुक्ता पुँजी मात्र पर्याप्त मापदण्ड मानिने छैन। धितोपत्र दलाल व्यवसायीले निर्धारित पुँजी तथा आवश्यक अतिरिक्त पुँजीको सिद्धान्त (Eligible Regulatory Capital $\geq$ Required Risk Capital) अनुसार निरन्तर रूपमा जोखिममा आधारित पुँजी कायम गर्नुपर्नेछ।

५.२.६. Regulatory Capital लाई Tier-1 (चुक्ता पुँजी, स्वतन्त्र सञ्चिति, अवितरित नाफा) र Tier-2/Supplementary Capital (Subordinated Instruments, Eligible Reserves लगायत बोर्डबाट स्वीकृत अन्य उपकरण) गरी संरचना गरिनेछ। Tier-2 पुँजीलाई Tier-1 पुँजीको पूर्ण विकल्पका रूपमा प्रयोग गर्न पाइने छैन।

५.२.७. Regulatory Net Worth गणना गर्दा संचित घाटा, अमूर्त सम्पत्ति (सफ्टवेयर बाहेक), शंकास्पद प्रासियोग्य रकम, सम्बन्धित पक्षको अग्रिम तथा असुलउपर हुन नसक्ने रकम र नियामकले अस्वीकार गरेका सम्पत्ति घटाइनेछ।

५.२.८. धितोपत्र दलाल व्यवसायीले तत्काल दायित्व पूरा गर्न पर्याप्त तरल पुँजी (Liquid Capital) कायम गर्नुपर्नेछ, जसमा नगद, बैंक मौज्दात र उच्च तरल स्वीकृत धितोपत्र समावेश हुनेछन्; यसमा न्यून तरल सम्पत्तिलाई घटाउनुपर्ने व्यवस्था गरिनेछ।

५.२.९. पुँजी पर्याप्तताको आधारभूत सूत्र Capital Adequacy = Eligible Regulatory Capital ÷ Risk-Based Capital Requirement हुनेछ, जसमा बजार जोखिम, कर्जा जोखिम, काउन्टरपार्टी जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, राफसाफ जोखिम र केन्द्रीकरण जोखिम समेटिनेछ।

५.२.१०. मार्जिन फाइनान्सिङ, इन्ट्राडे ट्रेडिङ, SLB, सर्ट सेलिङ्ग र बजार निर्माता जस्ता प्रत्येक उच्च जोखिमयुक्त गतिविधिका लागि Base Capital माथि थप Activity-specific Capital (जस्तै Margin Financing Capital, Concentration Buffer, Market Risk Capital, Inventory Risk आदि) अनिवार्य हुनेछ।

५.२.११. धितोपत्र दलाल व्यवसायीले Leverage Limit (Total Risk Exposure/Eligible Capital), Concentration Limit, Large Exposure Limit र Related-Party Exposure सम्बन्धी सीमा पालना गर्नुपर्नेछ। सम्बन्धित पक्षलाई Preferential Financing, Excessive Credit, Unauthorized Collateral Release वा Preferential Execution दिन पाइने छैन।

५.२.१२. पुँजी पर्याप्तता नियामकीय न्यूनतमभन्दा तल जाने अवस्थामा Dividend Distribution मा प्रतिबन्ध लगाइनेछ। साथै न्यूनतम भन्दा माथि अतिरिक्त Capital Conservation Buffer कायम गर्नुपर्ने व्यवस्था लागू गर्न सकिनेछ।

५.२.१३. 'क' श्रेणीका तथा उच्च जोखिमयुक्त धितोपत्र दलाल व्यवसायीले नियमित रूपमा धितोपत्र विनिमय बजार सूचकाङ्कमा ठूलो गिरावट, मार्जिन ग्राहकबाट ठूलो Default, Settlement Failure, प्रमुख Counterparty Failure, Cyber Attack, अत्यधिक तरलता अभाव र एकसाथ Forced Liquidation जस्ता परिदृश्यमा आधारित Stress Testing र Reverse Stress Testing गर्नुपर्नेछ।

५.२.१४. पुँजी पर्याप्तता कमजोर हुँदै गएको पहिचान गर्न Capital Adequacy Decline, Liquidity Decline, Margin Default, Settlement Failure, ग्राहक गुनासो वृद्धि, सञ्चालन क्षति, Cyber Incident र

Concentration Increase जस्ता Early Warning Indicators प्रयोग गरिनेछ। पुँजी पर्याप्तता threshold भन्दा तल गएमा तोकिएको अवधिभित्र Capital Restoration Plan बोर्ड समक्ष पेश गर्नुपर्नेछ।

५.२.१५. धितोपत्र दलाल व्यवसायीले बोर्डलाई नियमित रूपमा वासलात, नाफा-नोक्सान, नगद प्रवाह, नियामकीय पुँजी, पुँजी पर्याप्तता, तरलता, Exposure, मार्जिन पोर्टफोलियो, ग्राहक प्राप्ति र सम्बन्धित पक्ष Exposure सम्बन्धी वित्तीय प्रतिवेदन पेश गर्नुपर्नेछ; उच्च जोखिमयुक्त धितोपत्र दलाल व्यवसायीबाट दैनिक/Real-time नियामकीय प्रतिवेदन समेत माग गर्न सकिनेछ। Statutory Audit बाहेक बोर्डले Regulatory Capital Calculation तथा ग्राहक सम्पत्ति मिलान सम्बन्धी Independent/Special/System Auditor नियुक्त गराउन सक्नेछ।

५.३ सञ्चालक समिति, व्यवस्थापन र संस्थागत सुशासन

५.३.१. संस्थागत सुशासन धितोपत्र दलाल व्यवसायीको सञ्चालक समितिको जवाफदेहिता, स्वतन्त्रता, पारदर्शीता, जोखिम अनुगमन, लगानीकर्ता केन्द्रीत, व्यावसायिक नैतिकताको सिद्धान्तमा आधारित हुनेछ। सञ्चालक समितिको समग्र व्यवसाय, जोखिम, अनुपालना र ग्राहक हित सुनिश्चित गर्ने सर्वोच्च जिम्मेवारी हुनेछ।

५.३.२. 'क' श्रेणी तथा प्रणालीगत महत्वका धितोपत्र दलाल व्यवसायीको सञ्चालक समितिमा वित्तीय बजार, व्यवस्थापन, अर्थशास्त्र, लेखा, कानून, जोखिम व्यवस्थापन, सूचना प्रविधि र संस्थागत सुशासनसम्बन्धी अनुभव भएका व्यक्ति समावेश गर्नुपर्नेछ। सञ्चालक समितिको गठन गर्दा क्षेत्रगत विविधता हुनुपर्नेछ र निश्चित संख्यामा स्वतन्त्र सञ्चालक रहनुपर्नेछ। एउटै परिवार वा हित समूहको अत्यधिक प्रभुत्व नियन्त्रण गरिनेछ।

५.३.३. सञ्चालक समितिले रणनीति स्वीकृति, जोखिम वहन क्षमता (Risk Appetite) निर्धारण, पुँजी योजना, वरिष्ठ व्यवस्थापन नियुक्ति तथा मूल्याङ्कन, आन्तरिक नियन्त्रण प्रणालीको सुपरिवेक्षण र ग्राहक हित संरक्षण सम्बन्धी सर्वोच्च उत्तरदायित्व वहन गर्नेछ। यसका लागि लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, मनोनयन तथा पारिश्रमिक समिति, सूचना प्रविधि तथा साइवर सुरक्षा अनुगमन समिति गठन गर्नुपर्नेछ।

५.३.४. संस्थापक, प्रमुख शेयरधनी, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन तथा नियन्त्रणकारी पदाधिकारीले Fit and Proper Framework अन्तर्गत इमानदारी, व्यावसायिक योग्यता, अनुभव, वित्तीय सुदृढता, विगतको नियामकीय अभिलेख र स्वार्थको द्वन्द्वको आधारमा

मूल्याङ्कन पूरा गर्नुपर्नेछ। गम्भीर कसूरमा दोषी ठहरिएका वा नियामकीय उल्लङ्घनको इतिहास भएका व्यक्ति अयोग्य हुनेछन्।

५.३.५. धितोपत्र दलाल व्यवसायीमा प्रमुख जोखिम अधिकृत, अनुपालना अधिकृत र आन्तरिक लेखापरीक्षक जस्ता प्रमुख नियन्त्रण कार्यहरू Business-Generation Function बाट पर्याप्त स्वतन्त्रता प्राप्त बनाई संस्थागत गरिनेछन्। यी कार्यहरूको संगठन Three Lines of Defense Model (व्यवसाय एकाइ, जोखिम/अनुपालना, आन्तरिक लेखापरीक्षण) अनुरूप हुनेछ।

५.३.६. स्वार्थको द्वन्द्व व्यवस्थापन, कर्मचारीको व्यक्तिगत कारोबार नियन्त्रण, सम्बन्धित पक्ष कारोबारको खुलासा तथा पूर्वस्वीकृति अनिवार्य हुनेछ।

५.३.७. प्रत्येक धितोपत्र दलाल व्यवसायीमा Whistleblower संयन्त्र, Business Continuity Governance, Succession Planning, Board Performance Evaluation, Senior Management Accountability र Governance Disclosure सम्बन्धी नीति लागू गरिनेछ। बोर्डले नियमित रूपमा प्रत्येक धितोपत्र दलाल व्यवसायीको Governance Risk Rating गर्न सक्नेछ र उल्लेखनीय कमजोरी देखिएमा संक्रमणकालीन सुधार योजना लागू गराउन सक्नेछ।

५.४ वित्तीय जोखिम व्यवस्थापन

५.४.१. धितोपत्र दलाल व्यवसायीले संस्थागत जोखिम व्यवस्थापन फ्रेमवर्क अपनाई सञ्चालक समितिले स्वीकृत गरेको जोखिम लिने क्षमता अनुसार बजार जोखिम, कर्जा जोखिम, काउन्टरपार्टी जोखिम, तरलता जोखिम, सेटलमेन्ट जोखिम, सञ्चालन जोखिम, प्रविधि जोखिम, साइबर जोखिम र केन्द्रीकरण जोखिम व्यवस्थापन गर्नुपर्नेछ।

५.४.२. मार्जिन लेण्डिङ्ग, इन्ट्राडे ट्रेडिङ, SLB र सर्ट सेलिङ्ग सम्बन्धी जोखिम व्यवस्थापनका लागि मार्जिन कल प्रक्रिया, इन्ट्राडे जोखिम नियन्त्रण, SLB जोखिम व्यवस्थापन र सर्ट सेलिङ्ग जोखिम व्यवस्थापन प्रणाली अलग-अलग रूपमा लागू गर्नुपर्नेछ र प्रत्येक गतिविधिका लागि उपयुक्त Risk Limits तोकिनेछ।

५.४.३. धितोपत्र दलाल व्यवसायीले Pre-Trade Risk Controls (Order Limit, Exposure Limit, Hard Block/Soft Warning) र Post-Trade Monitoring अनिवार्य रूपमा लागू गर्नुपर्नेछ, साथै नियमित Stress Testing, Reverse Stress Testing र Early Warning System मार्फत जोखिम अगावै पहिचान गरी Risk Escalation प्रक्रिया अपनाउनुपर्नेछ।

५.४.४. प्रत्येक धितोपत्र दलाल व्यवसायीमा आन्तरिक नियन्त्रण प्रणाली, ग्राहक खाता नियन्त्रण, Client Asset Reconciliation, Fraud Risk Management, Outsourcing Risk Management, Business Continuity Plan र Disaster Recovery व्यवस्था हुनुपर्नेछ। बोर्डलाई नियमित Risk

Reporting तथा Supervisory Access (Risk Dashboard सहित) उपलब्ध गराउनुपर्नेछ र Independent Risk Review समय-समयमा गराउनुपर्नेछ।

५.५ ग्राहक खाता र ग्राहक सम्पत्ति व्यवस्थापन

५.५.१. धितोपत्र दलाल व्यवसायीले ग्राहकको रकम र धितोपत्रलाई आफ्नो स्वामित्वको सम्पत्तिबाट पूर्णतया पृथक राख्नुपर्नेछ। यसका लागि छुट्टै Client Fund Account र Client Securities Account सञ्चालन गर्नुपर्नेछ।

५.५.२. ग्राहक सम्पत्तिको स्वामित्व सधैं ग्राहकमै रहनेछ। ग्राहकको स्पष्ट पूर्वस्वीकृति बिना ग्राहक सम्पत्ति दलाल व्यवसायीको आफ्नै दायित्व वा तेस्रो पक्षको दाबी बापत प्रयोग गर्न पाइने छैन। धितोपत्र दलाल व्यवसायीले नियमित Client Asset Reconciliation गरी वार्षिक Segregation Certificate बोर्ड समक्ष पेश गर्नुपर्नेछ।

५.५.३. मार्जिन फाइनान्सिङमा प्रयोग हुने ग्राहक सम्पत्तिको Pledge/Charge कानुनी रूपमा पारदर्शी हुनुपर्नेछ। धितोपत्र दलाल व्यवसायी Default भएको अवस्थामा ग्राहकको दायित्वभन्दा बढी सम्पत्ति ऋणदाताको दाबीबाट संरक्षित रहने व्यवस्था अनिवार्य हुनेछ र ऋणदाताको दाबीभन्दा ग्राहक सम्पत्तिको अधिकार प्राथमिकतामा राखिनेछ।

५.५.४. धितोपत्र दलाल व्यवसायीले Best Execution, Order Priority (Client Order पहिले) र Client Order Handling सिद्धान्त पालना गर्नुपर्नेछ। ग्राहकको पूर्वस्वीकृति बिना कारोबार गर्ने (Unauthorized Trading) कार्य निषेधित हुनेछ।

५.५.५. ग्राहकलाई जोखिम खुलासा (Risk Disclosure), शुल्क तथा लागतको पारदर्शिता, Digital Consent र ग्राहकको व्यक्तिगत सूचना संरक्षण सम्बन्धी अनिवार्य सूचना दिनुपर्नेछ। ग्राहकलाई Daily/Real-Time Client Statement मार्फत नियमित सूचना प्रवाह गर्नुपर्नेछ।

५.५.६. धितोपत्र दलाल व्यवसायीले पारदर्शी गुनासो सुन्ने संयन्त्र स्थापना गरी निर्धारित समयसीमाभित्र गुनासो समाधान गर्नुपर्नेछ; असन्तुष्ट भएमा स्वतन्त्र विवाद समाधान संयन्त्रमा जान पाउने व्यवस्था हुनेछ।

५.५.७. लगानीकर्ता संरक्षणका लागि Investor Compensation Mechanism (Compensation Fund) कायम राखिनेछ, जसको सीमा र योग्यता बोर्डले तोक्नेछ।

५.५.८. धितोपत्र दलाल व्यवसायीले ग्राहक वर्गीकरण गर्नुपर्नेछ, स्वार्थको द्वन्द्व खुलासा गर्नुपर्नेछ र ग्राहक सचेतना तथा सञ्चार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। ग्राहकले लिने सेवा अनुसार ग्राहकको Suitability and Appropriateness परीक्षण गर्नुपर्नेछ।

५.६ धितोपत्र कारोबार र आदेश कार्यान्वयन

५.६.१. धितोपत्र दलाल व्यवसायीको सञ्चालन संरचना Front Office, Middle Office र Back Office गरी स्पष्ट रूपमा पृथक हुनुपर्नेछ। सबै आदेश Order Management System (OMS) मार्फत मात्र प्रविष्ट गरिनेछ र प्रत्येक आदेशको Pre-Trade Risk Management, Client Order Priority र Order Time Priority पालना गर्नुपर्नेछ।

५.६.२. आदेशको परिमार्जन (Order Modification) र रद्द (Order Cancellation) सम्बन्धी स्पष्ट प्रक्रिया हुनुपर्नेछ। धितोपत्र दलाल व्यवसायीले लिखित Best Execution Policy तयार गरी लागू गर्नुपर्नेछ।

५.६.३. Algorithmic Trading, Automated Trading र High-Frequency Trading सञ्चालन गर्नुअघि बोर्डको पूर्व स्वीकृति र उपयुक्त जोखिम नियन्त्रण (Algorithm Kill Switch, Algo Testing Environment सहित) अनिवार्य हुनेछ। कारोबार त्रुटि (Trade Error) व्यवस्थापन र सोको दायित्व वहन सम्बन्धी स्पष्ट नीति हुनुपर्नेछ।

५.६.४. टेलिफोन तथा अन्य इलेक्ट्रोनिक माध्यमबाट आएका आदेशको अभिलेख (Order Recording, Call Recording) राख्नुपर्नेछ। Order Allocation र Client Code Modification पारदर्शी र Audit-Trail सहितको हुनुपर्नेछ। डिलर/ट्रेडरको अधिकार (Dealer Authority) र आचरण (Dealer Conduct) स्पष्ट रूपमा तोकिनेछ। अनुसन्धान तथा परामर्श (Research/Advisory) कार्य र ट्रेडिङ कार्य बीच Client Information Firewall कायम गर्नुपर्नेछ।

५.६.५. धितोपत्र दलाल व्यवसायीले सम्पूर्ण कारोबार अभिलेख निर्धारित अवधिसम्म सुरक्षित राख्नुपर्नेछ र बोर्डलाई Real-Time Regulatory Reporting तथा Integrated Surveillance प्रणालीमार्फत आवश्यक पहुँच प्रदान गर्नुपर्नेछ।

५.७ मार्जिन ऋण कारोबार सञ्चालन

५.७.१. मार्जिन ऋण कारोबार सुरु गर्नका लागि धितोपत्र दलाल व्यवसायीले बोर्डबाट छुट्टै स्वीकृति (Authorization) लिनुपर्नेछ जसका लागि थप पुँजी, जोखिम व्यवस्थापन क्षमता र प्रविधि आवश्यक हुनेछ।

५.७.२. मार्जिन कारोबारमा Initial Margin, Maintenance Margin, Mark-to-Market, Margin Call र Forced Liquidation सम्बन्धी स्पष्ट प्रक्रिया, समयसीमा र स्वचालित प्रणाली (Margin Call Engine, Forced Liquidation Engine) अनिवार्य हुनेछ। धितोपत्र सुरक्षण (Collateral) को Haircut जोखिमको आधारमा गतिशील रूपमा निर्धारण गरिनेछ र केवल Eligible Securities लाई मात्र धितोका रूपमा स्वीकार गरिनेछ।

५.७.३. बैंक तथा वित्तीय संस्थाको सहभागितामा मार्जिन फाइनान्सिङ गर्दा बैंक, ब्रोकर र ग्राहक तीनै पक्षको भूमिका र दायित्व स्पष्ट पार्नुपर्नेछ । बैंक, धितोपत्र दलाल व्यवसायी र ग्राहक बिच आवश्यकता अनुसार Tri-partite Agreement, Broker Financing Agreement र Client Margin Agreement गर्न सकिनेछ। उक्त सम्झौतामा Financing Limit, Borrowing Base, सुरक्षणको कानुनी स्वरूप, Pledge Registration/Release र Collateral Substitution सम्बन्धी व्यवस्था स्पष्ट हुनुपर्नेछ।

५.७.४. धितोपत्र दलाल व्यवसायी Default भएको अवस्थामा बैंकको दाबी र ग्राहक सम्पत्तिबीचको प्राथमिकता तथा ग्राहक Default भएको अवस्थामा Surplus/Deficit व्यवस्थापन गर्ने Default Waterfall स्पष्ट रूपमा तोकिनेछ। बैंकको Broker Exposure Limit, ब्रोकरको Client Concentration, Large Client Exposure र Related Client Limit सम्बन्धी सीमा लागू हुनेछ।

५.७.५. मार्जिन व्यवसायमा बोर्ड, बैंक तथा नियामक निकायबीच Data Sharing तथा Joint Regulatory Framework मार्फत समन्वय गरिनेछ। धितोपत्र दलाल व्यवसायीले Real-Time Risk Dashboard मार्फत बोर्डलाई नियमित Regulatory Reporting उपलब्ध गराउनुपर्नेछ।

५.७.६. मार्जिन एक्सपोजरका लागि Client-Level, Group-Level र Securities-Level Limit लागू गरिनेछ; एकल ग्राहक वा धितोपत्रमा अत्यधिक एकाग्रता रोक्न Concentration Risk व्यवस्थापन अनिवार्य हुनेछ।

५.८ धितोपत्र लेण्डिङ्ग एण्ड बरोइङ्ग सञ्चालन

५.८.१. धितोपत्र लेण्डिङ्ग एण्ड बरोइङ्ग सेवा प्रदान गर्ने धितोपत्र दलाल व्यवसायीले बोर्डबाट Securities Lending and Borrowing (SLB) Authorization लिनुपर्नेछ र सोका लागि Counterparty Exposure, Collateral Management, Replacement Cost तथा Settlement Risk सम्बोधन गर्ने अतिरिक्त पुँजी बफर कायम गर्नुपर्नेछ।

५.८.२. SLB सम्झौतामा Collateral, Mark-to-Market र Corporate Action Protection सम्बन्धी व्यवस्था स्पष्ट हुनुपर्नेछ। SLB Default भएको अवस्थामा ग्राहक संरक्षण गर्ने संयन्त्र (SLB Borrower Default Management) अनिवार्य हुनेछ।

५.९ सर्ट सेलिङ्ग सञ्चालन

५.९.१. सर्ट सेलिङ्ग सञ्चालन गर्न बोर्डबाट छुट्टै Authorization अनिवार्य हुनेछ। धितोपत्र दलाल व्यवसायीले Borrowing Confirmation, Collateral र Settlement Obligation व्यवस्थापन गर्न

सक्षम हुनुपर्नेछ र Short-selling Exposure लाई Risk-based Capital Calculation मा समावेश गरिनेछ।

५.९.२. Short Sale Order पहिचान (Short Sale Order Identification), Short Position Limit र Short Squeeze जोखिम व्यवस्थापन अनिवार्य हुनेछ। धितोपत्र दलाल व्यवसायीले ग्राहकलाई सर्ट सेलिङ्ग सम्बन्धी जोखिम स्पष्ट रूपमा खुलासा गर्नुपर्नेछ।

५.१० अन्तरदिवसीय कारोबार सञ्चालन

५.१०.१. अन्तरदिवसीय कारोबार सुरु गर्न बोर्डबाट Authorization लिनुपर्नेछ। स्थिति (Position) छिटो परिवर्तन हुने भएकाले Real-time Exposure, Liquidity र Settlement Capacity सँग पुँजी आवश्यकता प्रत्यक्ष जोडिनेछ।

५.१०.२. धितोपत्र दलाल व्यवसायीले Intraday Loss Limit, Intraday Risk Controls र स्वचालित End-of-Day Auto Square-Off प्रणाली लागू गर्नुपर्नेछ। एक धितोपत्र दलाल व्यवसायीले आफ्नो पुँजीको निश्चित अनुपातभन्दा बढी Intraday Exposure लिन नपाउने सीमा Risk Management System तथा Stress-testing पश्चात् निर्धारण गरिनेछ।

५.११ संस्थागत लगानीकर्ता सेवा

५.११.१. संस्थागत लगानीकर्ता सेवा प्रदान गर्न Authorization प्राप्त धितोपत्र दलाल व्यवसायीले संस्थागत लगानीकर्ताका लागि विशेष आदेश व्यवस्थापन, Custody समन्वय, Block Trade सुविधा र समर्पित सेवा प्रदान गर्न सक्नेछ। यस्तो सेवा प्रदान गर्दा Client Order Priority, गोपनीयता र स्वार्थको द्वन्द्वसम्बन्धी व्यवस्था कडाइका साथ पालना गर्नुपर्नेछ।

५.११.२. संस्थागत लगानीकर्ता सेवा प्रदान गर्ने धितोपत्र दलाल व्यवसायीले पर्याप्त Operational Capacity, Settlement Efficiency र Reporting Infrastructure प्रदर्शन गर्नुपर्नेछ।

५.१२ लगानी अनुसन्धान र परामर्श सेवा

५.१२.१. लगानी अनुसन्धान तथा परामर्श सेवा प्रदान गर्ने धितोपत्र दलाल व्यवसायीले Research/Advisory कार्य र आफ्नो Trading/Proprietary Trading कार्यबीच Client Information Firewall कायम गर्नुपर्नेछ।

५.१२.२. अनुसन्धान प्रतिवेदन तथा परामर्शको आधार वस्तुनिष्ठ, प्रमाणमा आधारित र स्वार्थको द्वन्द्वबाट मुक्त हुनुपर्नेछ। कुनै धितोपत्रमा आफ्नो वा सम्बद्ध पक्षको स्वार्थ भएमा सो कुरा स्पष्ट रूपमा खुलासा (Conflict Disclosure) गर्नुपर्नेछ।

५.१३ बजार निर्माता सम्बन्धी सेवा

५.१३.१. Market Maker Authorization प्राप्त धितोपत्र दलाल व्यवसायीले अतिरिक्त पुँजी, तरलता क्षमता र Inventory/Price Risk व्यवस्थापन क्षमता प्रदर्शन गर्नुपर्नेछ। यस्ता धितोपत्र दलाल व्यवसायीका लागि थप Market Risk Capital, Liquidity Buffer, Inventory Limit र Concentration Limit लागू हुनेछ।

५.१३.२. बजार निर्माताले पर्याप्त तरल स्रोत बिना ठूलो Proprietary Inventory राख्न पाउने छैन। बजार निर्माता सेवा सञ्चालनका शर्त, कोटेसन दायित्व (Quotation Obligation) र निकास (Exit) सम्बन्धी व्यवस्था बोर्डले तोकेबमोजिम हुनेछ।

५.१४ डिजिटल र सूचना प्रविधि पूर्वाधार

५.१४.१. धितोपत्र दलाल व्यवसायीमा IT Governance संरचना (Chief Information/Technology Function, Information Security Function सहित) हुनुपर्नेछ। Order Management System (OMS) र Risk Management System (RMS) मा Unique Order ID, Order Timestamp र पूर्ण Order Audit Trail अनिवार्य हुनेछ।

५.१४.२. धितोपत्र दलाल व्यवसायीको सूचना प्रविधि पूर्वाधारमा Pre-Trade Risk Engine (Hard Block/Soft Warning), Margin Engine, Real-Time Margin Calculation, Forced Liquidation Engine, Intraday Risk Engine, Short Selling Control Engine, SLB Interface, Collateral Management System, Haircut Engine, MTM Engine र Concentration Risk Engine जस्ता प्रणाली सम्बन्धित गतिविधि सञ्चालन गर्न अनिवार्य गरिनेछ।

५.१४.३. ग्राहकलाई Digital Client Onboarding, Digital KYC/e-KYC, Client Dashboard, Multi-Factor Authentication र Privileged Access Management सुविधा उपलब्ध गराउनुपर्नेछ।

५.१४.४. System Capacity, System Availability, Backup व्यवस्था, Disaster Recovery Site, Recovery Time Objective (RTO) र Recovery Point Objective (RPO) निर्धारित मापदण्ड अनुसार कायम गरी नियमित Business Continuity Testing गर्नुपर्नेछ।

५.१४.५. IT Change Management, Production Access नियन्त्रण, API Standards र API Security, Algorithmic Trading सम्बन्धी Algorithm Kill Switch, Cloud Computing तथा Outsourcing सम्बन्धी Critical Vendor Management र Data Centre Standards लागू गरिनेछ।

५.१४.६. धितोपत्र दलाल व्यवसायीको प्रविधि प्रणालीको Technology Certification, IT Audit, Penetration Testing र निर्धारित न्यूनतम Technology Control Matrix पालना अनिवार्य हुनेछ। प्रविधि विफल भएमा कारोबार रोक्ने अधिकार (Emergency Kill Switch) बोर्ड, नेप्से तथा धितोपत्र दलाल व्यवसायीलाई हुनेछ। बोर्डले Broker–NEPSE–CDSC–SEBON Digital Integration, RegTech र SupTech प्रयोगमार्फत सुपरिवेक्षण क्षमता विस्तार गर्नेछ।

५.१५ साइबर सुरक्षा

५.१५.१. प्रत्येक धितोपत्र दलाल व्यवसायीले Cybersecurity Framework तयार गरी Cybersecurity/Information Security Responsible Officer नियुक्त गर्नुपर्नेछ। Access Control, Multi-Factor Authentication, Encryption र Data Protection सम्बन्धी न्यूनतम मापदण्ड अनिवार्य हुनेछ।

५.१५.२. Cyber Incident Response योजना तयार गरी Cyber Incident हुनासाथ निर्धारित समयभित्र बोर्डलाई Cyber Incident Reporting गर्नुपर्नेछ। नियमित Penetration Testing र Security Testing गर्नुपर्नेछ।

५.१५.३. धितोपत्र दलाल व्यवसायीको साइबर सुरक्षा जोखिम बोर्डको Cybersecurity Governance Structure मार्फत सुपरिवेक्षण गरिनेछ र आवश्यकता अनुसार Technology Risk Stress Test गराइनेछ।

५.१६ सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र ग्राहक पहिचान

५.१६.१. धितोपत्र दलाल व्यवसायीले प्रचलित सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धी कानुन र सम्बन्धित निकायको मार्गदर्शन पूर्ण रूपमा पालना गर्नुपर्नेछ।

५.१६.२. प्रत्येक ग्राहकको Unique Client ID कायम गरी Know Your Customer (KYC), Beneficial Owner पहिचान, Digital/e-KYC तथा जोखिम वर्गीकरण अनिवार्य रूपमा गर्नुपर्नेछ। शंकास्पद कारोबार पहिचान भएमा तोकिएको समयभित्र सम्बन्धित निकायमा प्रतिवेदन गर्नुपर्नेछ।

५.१६.३. धितोपत्र दलाल व्यवसायीले ग्राहकको KYC, बैंक विवरण, धितोपत्र स्वामित्व र कारोबार अभिलेख निर्धारित अवधिसम्म सुरक्षित राख्नुपर्नेछ र आवश्यकता अनुसार बोर्ड वा सम्बन्धित निकायलाई उपलब्ध गराउनुपर्नेछ।

५.१७ बजार आचरण

५.१७.१. धितोपत्र दलाल व्यवसायी तथा उक्त संस्थाका सञ्चालक, कर्मचारी र डिलरले बजार दुरुपयोग, भित्री कारोवार तथा बजार प्रभावित पार्ने कार्य जस्ता निषेधित व्यवहार गर्न पाइने छैन।

५.१७.२. धितोपत्र व्यापारीले Proprietary Trading र Client Order बीचको द्वन्द्व, Employee Trading र Research/Advisory सम्बन्धी द्वन्द्व व्यवस्थापन गर्नुपर्नेछ।

५.१७.३. धितोपत्र दलाल व्यवसायीले बोर्डको Surveillance प्रणालीसँग पूर्ण सहकार्य गर्नुपर्नेछ र बोर्डले प्रत्येक धितोपत्र दलाल व्यवसायीको Conduct Risk Score को आधारमा Conduct-based Supervision गर्नेछ।

५.१८ आन्तरिक नियन्त्रण र लेखापरीक्षण

५.१८.१. धितोपत्र दलाल व्यवसायीमा Three Lines of Defense (व्यवसाय एकाइ, जोखिम/अनुपालना कार्य, आन्तरिक लेखापरीक्षण) मार्फत आन्तरिक नियन्त्रण प्रणाली स्थापना गरिनेछ। आन्तरिक लेखापरीक्षक सञ्चालक समिति अन्तर्गतको Audit Committee अन्तर्गत कार्य गरी व्यवसाय सञ्चालनबाट स्वतन्त्र हुनु पर्नेछ।

५.१८.२. ग्राहक खाता नियन्त्रण, Client Asset Reconciliation, Fraud Risk Management र Outsourcing Risk व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणालीको अभिन्न अंग हुनेछ। धितोपत्र दलाल व्यवसायीको वार्षिक Statutory Audit का साथै बोर्डले आवश्यकता अनुसार Special Audit वा System Audit गराउन सक्नेछ।

५.१९ ग्राहक गुनासो र लगानीकर्ता संरक्षण

५.१९.१. धितोपत्र दलाल व्यवसायीले प्रभावकारी गुनासो व्यवस्थापन संयन्त्र स्थापना गरी गुनासो प्राप्त भएको जानकारी गुनासोकर्तालाई तुरुन्त दिनुपर्नेछ र निर्धारित समय सीमाभित्र समाधान गर्नुपर्नेछ।

५.१९.२. धितोपत्र दलाल व्यवसायी स्तरमा समाधान नभएका गुनासाका लागि Independent Escalation संयन्त्र र आवश्यकता अनुसार माथिल्लो निकाय मार्फत समाधान हुने व्यवस्था गरिनेछ।

५.१९.३. बोर्डले Investor Protection/Compensation Fund को व्यवस्था गरी सोको स्रोत, योग्यता र क्षतिपूर्तिको सीमा (Compensation Fund को सीमा) तोक्नेछ। धितोपत्र दलाल व्यवसायी Default भएको अवस्थामा ग्राहकको वैध दाबी उक्त कोषबाट संरक्षण गरिनेछ।

५.२० संकट व्यवस्थापन र समाधान

५.२०.१. धितोपत्र दलाल व्यवसायीको वित्तीय वा सञ्चालन संकट पहिचान गर्न Early Warning Indicators र Stockbroker Risk Score प्रयोग गरी क्रमशः Early Intervention र Prompt Corrective Action (PCA) प्रणाली लागू गरिनेछ।

५.२०.२. संकटग्रस्त धितोपत्र दलाल व्यवसायीले Capital Restoration/Recovery Plan (अतिरिक्त पुँजी, exposure कटौती, non-core सम्पत्ति बिक्री, नयाँ व्यवसायमा प्रतिबन्ध, मर्जर वा रणनीतिक लगानी सहित) बोर्ड समक्ष पेश गर्नुपर्नेछ।

५.२०.३. धितोपत्र दलाल व्यवसायी असफल हुने अवस्थामा ग्राहक सम्पत्ति र बजारको स्थायित्व जोगाउन Broker Default Resolution Architecture र Default Waterfall (Client Asset Priority, Investor Compensation Fund, ऋणदाताको दाबी) स्थापना गरिनेछ। बोर्ड वा तोकिएको Resolution Authority ले Orderly Exit वा Voluntary Exit सुनिश्चित गर्न आवश्यक निर्देशन दिन सक्नेछ।

५.२०.४. संकट व्यवस्थापन प्रक्रियामा बोर्ड, नेप्से, CDSC र सम्बन्धित निकायबीच Regulatory Coordination तथा Joint Regulatory Framework मार्फत समन्वय गरिनेछ।

५.२१ मर्जर, प्राप्ति र व्यवसायिक एकीकरण

५.२१.१. बजारमा स्वस्थ प्रतिस्पर्धा र संस्थागत सुदृढीकरणका लागि धितोपत्र दलाल व्यवसायीहरूबीच स्वैच्छिक मर्जर, प्राप्ति (Acquisition) र व्यवसायिक एकीकरण (Stockbroker Industry Consolidation) लाई बोर्डले प्रोत्साहन गर्नेछ।

५.२१.२. मर्जर वा प्राप्तिका लागि बोर्डको पूर्वस्वीकृति अनिवार्य हुनेछ, जसमा एकीकृत संस्थाको पुँजी पर्याप्तता, सुशासन, ग्राहक सम्पत्ति संरक्षण, प्रविधि क्षमता र Fit and Proper आवश्यकता पूरा भए/नभएको मूल्याङ्कन गरिनेछ।

५.२१.३. Change in Control वा उल्लेखनीय स्वामित्व परिवर्तन हुने संस्थागत एकीकरणका लागि समेत बोर्डको पूर्वस्वीकृति आवश्यक हुनेछ र एकीकरणपश्चात ग्राहक सेवा र सम्पत्ति संरक्षणमा कुनै अवरोध नआउने सुनिश्चित गरिनेछ।

५.२२ अनुमतिपत्रको नवीकरण, निलम्बन र खारेजी

५.२२.१. धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र नवीकरण वित्तीय अवस्था, पुँजी पर्याप्तता, सुशासन, अनुपालना अभिलेख, ग्राहक गुनासो, सञ्चालन कार्यसम्पादन, प्रविधि तथा साइबर सुरक्षा र नियामकीय Periodic Assessment मा आधारित हुनेछ।

५.२२.२. बोर्डले जोखिम वा उल्लङ्घनको गम्भीरता अनुसार License Restriction, Suspension वा License Revocation सम्बन्धी Administrative Sanctions लागू गर्न सक्नेछ। कारबाही अघि उपयुक्त Escalation Framework (चेतावनी → प्रतिबन्ध → निलम्बन → खारेजी) अपनाइनेछ।

५.२२.३. अनुमतिपत्र खारेजी वा स्वैच्छिक व्यवसाय बन्द (Voluntary Exit) हुँदा ग्राहक सम्पत्तिको सुरक्षित हस्तान्तरण र दायित्व निर्वाह सुनिश्चित गर्ने Orderly Exit प्रक्रिया पालना गर्नुपर्नेछ।

५.२३ बोर्डको जोखिममा आधारित सुपरिवेक्षण

५.२३.१. बोर्डले प्रत्येक धितोपत्र दलाल व्यवसायीको Broker Risk Score (पुँजी, सुशासन, जोखिम व्यवस्थापन, प्रविधि, अनुपालना र आचरण) को आधारमा Risk-Based Supervision अपनाउनेछ, जसअनुसार On-site Inspection र Off-site Supervision को आवृत्ति (Supervisory Frequency) निर्धारण गरिनेछ।

५.२३.२. बोर्डले Continuous Regulatory Reporting, Supervisory Dashboard र Data Lake/Regulatory Data Warehouse जस्ता RegTech/SupTech उपकरण प्रयोग गरी वास्तविक समयमा सुपरिवेक्षण गर्नेछ। कुनै Supervisory Trigger देखिएमा तत्काल थप सुपरिवेक्षण वा कारबाही प्रक्रिया अपनाइनेछ।

५.२४ मानव संसाधन तथा व्यावसायिक दक्षता

५.२४.१. धितोपत्र दलाल व्यवसायीमा सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, प्रमुख जोखिम अधिकृत, अनुपालना अधिकृत र आन्तरिक लेखापरीक्षक लगायत प्रमुख कार्य (Key Function) आधारित जनशक्ति व्यवस्था अनिवार्य हुनेछ।

५.२४.२. डिलर/ट्रेडर, मार्जिन ट्रेडिङ विशेषज्ञ, SLB/सर्ट सेलिङ्ग विशेषज्ञ, Algorithmic Trading कर्मचारी, IT/साइबर सुरक्षा कर्मचारी, अनुसन्धान/परामर्श कर्मचारी र ग्राहक सेवा कर्मचारीले सम्बन्धित क्षेत्रमा अन्तर्राष्ट्रिय अभ्यास अनुरूपको Certification/Dealer Certification हासिल गर्नुपर्नेछ।

५.२४.३. बोर्डले धितोपत्र दलाल व्यवसाय क्षेत्रका जनशक्तिको व्यावसायिक प्रमाणीकरण, तालिम र निरन्तर व्यावसायिक विकास (Continuing Professional Development) सम्बन्धी न्यूनतम मापदण्ड तोक्नेछ।

५.२५ कार्यान्वयन, संक्रमणकालीन व्यवस्था र विविध

५.२५.१. यो नीति तीन चरणः संस्थागत सुदृढीकरण, बजार सेवा विस्तार र एकीकृत धितोपत्र मध्यस्थता प्रणालीको विकास अनुसार क्रमशः कार्यान्वयन गरिनेछ।

चरण	प्राथमिक सुधार तथा कार्यहरू
चरण—१ : तत्कालीन संस्थागत सुधार	• धितोपत्र दलाल व्यवसायीको तहगत वर्गीकरण
	• पुँजी पर्याप्तता तथा वित्तीय सुदृढीकरण
	• ग्राहक सम्पत्तिको पृथकीकरण
	• संस्थागत सुशासन सुदृढीकरण
	• जोखिम व्यवस्थापन प्रणाली
	• प्रविधि तथा साइबर सुरक्षा मापदण्ड
	• मर्जर, एक्विजिशन तथा व्यवसायको एकीकरण
	• स्वचालित कारोबार
	• ग्राहक पहिचान तथा सम्पत्ति शुद्धीकरण निवारण
	• नियामकीय प्रतिवेदन प्रणाली
चरण—२ : बजार सेवा विस्तार	• मार्जिन ऋण कारोबार
	• धितोपत्र सापटी तथा उधारो
	• शर्ट सेलिङ्ग
	• अन्तरदिवसीय कारोबार
	• बजार निर्माता
	• उन्नत डिजिटल धितोपत्र दलाली सेवाको विकास तथा कार्यान्वयन
चरण—३ : एकीकृत धितोपत्र मध्यस्थता	• रणनीतिक लगानी
	• व्यावसायिक धितोपत्र दलाली सेवा
	• अनुसन्धान तथा लगानी परामर्श
	• व्यावसायिक गतिविधिकको एकीकरण
	• संस्थागत वित्तीय सेवा

प्रणालीको विकास	• उन्नत जोखिममा आधारित सुपरिवेक्षण प्रणालीको विकास तथा कार्यान्वयन

५.२५.२. यस नीतिको कार्यान्वयनका लागि बोर्डले आवश्यक नियमावली, विनियमावली, निर्देशिका, परिपत्र र मापदण्ड (Capital Adequacy Directive, Risk Management Directive, Client Asset Protection Directive, IT/Cybersecurity Directive, Licensing Directive लगायत) जारी गर्नेछ।

५.२५.३. विद्यमान धितोपत्र दलाल व्यवसायीलाई नयाँ मापदण्डमा ल्याउन Gap Assessment, Compliance Plan, Capital/Technology Upgrade, Reclassification, Full Compliance गरी क्रमशः संक्रमणकालीन अवधि उपलब्ध गराइनेछ। संक्रमणकालीन अवधि र सोसम्बन्धी विस्तृत कार्ययोजना बोर्डले तोक्नेछ।

५.२५.४. यस नीति कार्यान्वयनको प्रगति बोर्डले नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ र आवश्यकता अनुसार समय-समयमा यस नीतिमा संशोधन गर्न सक्नेछ।

५.२५.५. यस नीतिमा उल्लेख नभएका विषयमा प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियमावली, विनियमावली, निर्देशन, निर्देशिका तथा नेपाल धितोपत्र बोर्डको निर्णय बमोजिम हुनेछ।

***